## हिमालयन डिष्टिलरी लिमिटेडको
## पच्चीसौ वार्षिक साधारण सभा सम्वन्धी सूचना ।

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८२ साल आश्विन ३० गते बिहिबार दिनको ३:०० बजे बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको पच्चीसौं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल र निर्णय गर्नका लागि निम्न मिति, स्थान तथा समयमा बस्ने भएको छ ।

**छलफलका विषयहरु :**

**क. सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट साधारण सभामा पेश हुने आ.व. २०८१।०८२ को वार्षिक प्रतिवेदनलाई पारित गर्ने ।

२. कम्पनीको आ.ब.२०८१/०८२ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदनलाई स्वीकृत गर्ने ।

३. यस कम्पनीको सहायक कम्पनी हिमालयन मल्टी एग्रो लि., हिमालयन फिसरीज लि. र हिमालयन ईन्डेवर अर्गानिक लि. को आ.व. २०८१।०८२ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी स्विकृत गर्ने ।

४. संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम चुक्ता पूंजिको ५ प्रतिशतले हुने नगद लाभांश रु. १५,३६,७०,०९०।६१ ( अक्षरुपी पन्ध्र करोड छत्तिस लाख सत्तरी हजार नब्बे रुपैया एकसट्ठी पैसा मात्र) (नगद लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्विकृत गर्ने ।

५. आ.व.२०८२/०८३ का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा लेखा परीक्षण समितिबाट समेत सिफारिस भई आएका SAR Associates & Chartered Accountants लाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने (सिफारिस भएका SAR Associates & Chartered Accountants पुनः नियुक्तीका लागि योग्य हुनु हुन्छ ) ।

६. संचालक समितिमा रहनु हुने ५ (पांच) जना संचालकको आगामी ४ (चार) वर्ष अवधिका लागि चयन गर्ने ।

७. कम्पनीका विभिन्न ब्राण्डका मदिराहरुको उत्पादन अन्य कम्पनीबाट समेत गराउन सक्ने गरि Trademark Usage Agreement गर्ने ।

८. संचालक समितिका अध्यक्ष तथा सदस्यहरुको दुर्घटना तथा औषधोपचार विमा गर्ने विषय उपर छलफल गरि स्विकृत गर्ने ।

**ख. विषेश प्रस्तावहरुः**

९. कम्पनीको प्रवन्ध पत्रको दफा ३ (क) मा संसोधन गर्ने ।

१०. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूजिंको २० प्रतिशत (कायम १० शेयरमा २ बोनस शेयर जारी गर्न) का दरले हुने रु. ६१,४६,८०,३६२।४५ (अक्षरुपी एकसट्ठी करोड छयालिस लाख असी हजार तीन सय बैसट्ठी रुपैंया पैतालिस पैसा मात्र) वरावरको वोनस शेयर जारी गरी वितरण गर्न स्विकृत गर्ने ।

११. कम्पनीको साविकको अधिकृत पूजीं रु.३,५०,००,००,०००।०० (अक्षरुपी तीन अरब पचास करोड मात्र) बाट रु.४,००,००,००,०००।०० (अक्षरुपी चार अरब मात्र) कायम गर्न स्विकृत गर्ने ।

१२. साविकको चुक्ता पूंजि रु.३,०७,३४,०१,८१२।२५ (तीन अरव सात करोड चौतीस लाख एक हजार आठ सय वाह्र पैसा पचीस मात्र) लाई वृद्धि गरी रु. ३,६८,८०,८२,१७४।७० (अक्षरुपी तीन अरव अडसट्ठी करोड असी लाख बयासी हजार एक सय चौहत्तर रुपैंया सत्तरी पैसा मात्र) कायम गर्न स्विकृत गर्ने ।

१३. साविकमा कायम भएको अधिकृत पूजीं र चुक्ता पूजींमा बृद्धी/संसोधन हुने हुनाले कम्पनीको प्रवन्ध पत्रको दफा ३(क), ५(क), (ख), (ग) तथा नियमावलीको नियम ५(क), (ख), (घ) र (ङ) मा सोही अनुसार संसोधन गर्न स्विकृत गर्ने ।

१४. कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा हुने संसोधन सम्वन्धमा नियमनकारी निकायबाट कुनै फेरवदलको सुझाव आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने ।

१५. आ.व.२०८२।०८३ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने ।

**ग. विविध ।**

मिति : २०८२ कार्तिक ३० गते, आईतवार (तदनुसार १६ नोभेम्बर, सन् २०२५)

स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, विरगन्ज महानगरपालिका वार्ड नं.२१, लिपनिविर्ता, पर्सा ।

समय : विहान ठिक १०:०० (दश) बजे ।

**साधारण सभा सम्बन्धि जानकारी :**

१. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन विहान ८:०० वजे देखि सभा संचालन रहे सम्म खुल्ला रहने छ ।

२. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले हितग्राही खाता खोलिएको (डिम्याट)/शेयर प्रमाण पत्र वा आफनो परिचय खुल्ने प्रमाण वा सो को प्रतिलिपी साथमा लिई आउन हुन अनुरोध छ । अन्यथा सभा हुने स्थानमा प्रवेश गरी छलफल तथा मतदानमा भाग लिन पाईने छैन ।

३. शेयरधनी महानुभावहरुको जानकारीका लागि यस कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै सूचनासंग प्रकाशित गरिएको छ। संक्षिप्त आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु कम्पनीको Website: www.himalayandistillery.com मा पनि हेर्न सकिने गरि राखिएको छ ।

४. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्ती गर्दा प्रोक्सी पत्र साधारण सभा हुनु भन्दा ४८ घण्टा अगावै विरगन्ज, पर्सा स्थित कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराउनु पर्नेछ । प्रोक्सी दर्ता गरि सके पछि सो वदर गराउन चाहेमा सो को सूचना सभा हुनु भन्दा २४ घण्टा अगावै प्रोक्सी दर्ता गरेको स्थानमा लिखित निवेदन दर्ता गर्नु पर्नेछ । प्रतिनिधि मुकरर गर्दा केहि शेयर आफै संग बाकी राखि प्रतिनिधि मुकरर गर्न पाईने छैन । सम्पुर्ण शेयरको लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नु पर्नेछ । प्रतिनिधि मुकरर गर्ने शेयरधनी सभामा स्वयं उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि (प्रोक्सि) स्वतः रद्द हुनेछ ।

५. हिमालयन डिष्टिलरी लिमिटेडको संचालक निर्वाचन सम्वन्धमा **हिमालयन डिष्टिलरी लिमिटेड, निर्वाचन अधिकृतको कार्यालय, विरगन्ज-२१,पर्सा**ले प्रकाशन गरेको निर्वाचन कार्य तालिका अनुसार हुनेछ ।

६. निर्वाचन अधिकृतको कार्यालय, पर्साले हिमालयन डिष्टिलरी लिमिटेडको संचालक निर्वाचन सम्वन्धि प्रकाशन गरेको कार्य तालिका **हिमालयन डिष्टिलरी लिमिटेड, निर्वाचन अधिकृतको कार्यालय, विरगन्ज-२१,पर्साको** सूचना पाटीमा टांस गरी शेयरधनीहरुलाई जानकारी गराउनु पर्नेछ ।

७. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुको तर्फबाट कम्पनीको शेयरधनी दर्ता कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि(प्रोक्सी) तोक्न सकिनेछ ।

८. संयूक्त नाममा शेयर रहेको भए शेयर लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्व सम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।

९. प्रतिनिधि नियुक्त गर्ने शेयरधनी कम्पनी वा संगठित संस्था भएमा त्यस्तो कम्पनी वा संगठित संस्थाले नियुक्ती गर्ने व्यक्तिको नाम ठेगाना र परिचय पत्र सहित सो संस्था वा कम्पनीको आधिकारिक लेटरहेडमा सो कुरा खुलाई संस्थाको छाप, आधिकारिक व्यक्तिको दस्तखत भएको हुनु पर्नेछ । संस्थागत शेयरधनी बाहेक अरुले प्रतिनिधि नियुक्त गर्दा प्रोक्सी मार्फत कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र गर्न सकिनेछ ।

१० साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथासक्य झोला, व्याग आदि नल्याई दिनुहुन अनुरोध गर्दछौं । सभामा सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले साधारण सभाकक्षमा प्रवेश गर्दा सवैको झोला, व्याग, आदि जाच गर्न सक्नेछन् ।

११. विविध शिर्षक अन्तर्गत सभामा छलफल गर्न ईच्छुक शेयरधनीहरुले सभा हुनु भन्दा सात दिन अगावै छलफलको बिषय खोलि कम्पनी सचिव मार्फत लिखित रुपमा संचालक समितिका अध्यक्षलाई जानकारी दिनु पर्नेछ ।

१२. सभामा आफ्नो मन्तव्य वा जिज्ञासा व्यक्त गर्न चाहनु हुने शेयरधनी महानुभावले सभाध्यक्षले तोकेको समयमा पालो पालो गरी आफ्नो मन्तव्य वा जिज्ञासा व्यक्त गरि दिनु भई सहयोग गरि दिनु हुन अनुरोध छ ।

१३. शेयरधनीहरुले व्यक्त गर्नु भएको मन्तव्य वा प्रश्नहरुका सम्बन्धमा संचालक समितिकाका एकल सदस्य वा सामुहिक रुपमा वा सभाध्यक्षको निर्देशनमा कम्पनी व्यवस्थापनका प्रतिनिधिहरुले जवाफ दिनेछन् ।

१४. वार्षिक साधारण प्रयोजनका लागि कम्पनीको शेयर दर्ता किताव मिति २०८२ साल कार्तिक २० गतेका दिन बन्द हुनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा दर्ता किताब बन्द हुनु भन्दा अगाडी कारोवार भई शेयर खरिद गरेका र नियमानुसार शेयर नामसारी भई आएका शेयरधनीहरु पच्चीसौं वार्षिक साधारणसभामा भाग लिन र सो सभाबाट निर्णय भए बमोजिम नगद लाभांस तथा बोनस शेयर पाउन योग्य हुने व्यहोरा यसै सूचनाबाट अवगत गराईन्छ ।

**आज्ञाले,**

**कम्पनी सचिव**